# बुद्धभूमि नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
हनुमानचोक, बुद्धी, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल


पत्र संख्या.: २०८२।०८३
चलानी नं.:

ने.स.- ११४६

## तहबृद्धिको सूचना

(सूचना प्रकाशित मिति २०८३/०३/१५)

सूचना नं. २/२०८२/०८३

लुम्बिनी प्रदेशको स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ३१ बमोजिम तहवृद्धि हुने पदभन्दा एक तहमुनिको पदमा पाँच वर्षको सेवा अवधि पूरा भएका, पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औषत नब्बे प्रतिशत अङ्क प्राप्त गरेका, आवश्यक भौगोलिक क्षेत्रमा अनुभव प्राप्त गरेका, दफा ३४ बमोजिमको अवस्था विद्यमान नरहेका उपयुक्त उम्मेदवारहरुले माथिल्लो तहमा तहवृद्धि हुन चाहेमा तहवृद्धि हुनका लागि यस कार्यालयमा स्थानीय निजामती सेवा नियमावली, २०८१ को नियम ४८ अनुसार सोही नियमावलीको अनुसूची-१६ बमोजिमको ढाँचामा सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र तपसिलका कागजात सहित आवेदन पेस गर्न यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल :**

१. सक्कल निवेदन,

२. हालको पदको नियुक्ति/समायोजन/बढुवा पत्रको प्रमाणित प्रतिलिपि,

३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

४. अद्यावधिक वैयक्तिक विवरणको प्रतिलिपि,

५. पछिल्ला पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कन फाराम पेस गरेको निकायको विवरण,

६. सम्बन्धित कार्यालयको सेवा निरन्तरता सम्बन्धी सिफारिस पत्र,

७. हालसम्म विभागीय कारबाहीमा नपरेको तथा प्रचलित कानून बमोजिम तह वृद्धिका लागि अयोग्य नरहेको स्वघोषणा,

८. तोकिएको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि।

.......................................

यमकान्त पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत